आज मिति २०७६/०८/२६ गते शुक्रबारका दिन यस सत्यवती गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालयका अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशील बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपशील बमोजिमका निर्णय सर्वसम्मत पारित गरियो ।

उपस्थितिः

| सि.नं. | बैठकमा सहभागीको नामथर | पद/दर्जा | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री पारिश्वर ढकाल | अध्यक्ष | सत्यवती गाउँपालिका | |
| २ | श्री सुवर्ण शेरचन शाही | उपाध्यक्ष | सत्यवती गाउँपालिका | |
| ३ | श्री भिमलाल पाण्डे | वडाध्यक्ष | वडा नं १, अक्षेवा | |
| ४ | श्री दधिराम कुँवर क्षेत्री | वडाध्यक्ष | वडा नं २, चेहेमी | |
| ५ | श्री रुक बहादुर राना मगर | वडाध्यक्ष | वडा नं ३, ठूलोलुम्पेक | |
| ६ | श्री दान बहादुर राना | वडाध्यक्ष | वडा नं ४, लिम्घा | |
| ७ | श्री ओम प्रकाश भण्डारी | वडाध्यक्ष | वडा नं ५, हँसरा | |
| ८ | श्री विष्णु प्रसाद भण्डारी | वडाध्यक्ष | वडा नं ६, जोहाङ्ग | |
| ९ | लोक बहादुर बुढाथोकी | वडाध्यक्ष | वडा नं ७, जुनियाँ | |
| १० | श्री सन्त कुमार थापा | वडाध्यक्ष | वडा नं ८, भार्से | |
| ११ | श्री तेज कुमारी थापा | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १२ | श्री नरमाया राना मगर | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १३ | श्री मिना परियार | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १४ | श्री मनमाया थापा | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १५ | श्री होम बहादुर भुजेल | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १६ | श्री हरि प्रसाद वि.क. | कार्यपालिका सदस्य | सत्यवती गाउँपालिका | |
| १७ | श्री यादव भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | सत्यवती गाउँपालिका | |

**बैठक संख्याः१३/२०७६-७७** **मितिः २०७६/०८/२७**

**प्रस्तावहरुः**

प्रस्ताव नं.१ः प्रदेश विशेष अनुदानका लागि आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं.२: रोजगार संयोजकको विज्ञापन गर्ने सम्बन्धमा।

प्रस्ताव नं.३ः विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६/०८/२४ च.नं. ५९३ को पत्रानुसार रु.३०,००,०००-/ अक्षरेपी तीस लाखको यस सत्यवती गाउँपालिकाको लागि प्रदेश विशेष अनुदानतर्फ सुकुम्बासीका लागि आवास निर्माणका लागि माग गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं.२ माथि छलफल गर्दा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा प्राप्त रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा (६) बमोजिम तपशील बमोजिमको रोजगार संयोजक पदपुर्ति समिति गठन गरियो।

**तपशील**

संयोजक - भक्तिराम मरासिनी, समन्वय अधिकारी, जिल्ला समन्वय समिति, गुल्मी
सदस्य - देवीप्रसाद भण्डारी, सेवा निवृत राष्ट्रसेवक
सदस्य सचिव — यादव भण्डारी, प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.३ः** प्रस्ताव नं.३ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको शिक्षा नियमावली तयार गर्न नसकिएको र विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गर्नुपर्ने भएकाले सत्यवती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा (४९) को संक्रमणकालीन व्यवस्थाको (क) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (ज) को (७) को अधिकारका आधारमा पौष मसान्तसम्म म्याद थप हुने गरी तपशील बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गर्न सबै विद्यालयमा निर्देशन गर्ने निर्णय गरियो।

**तपशील**

क) विद्यालयका अभिभावकहरु मध्येबाट १ जना महिला, १ जना दलित सहित छनौट गरेका ४ जना -सदस्य

ख) विद्यालयका चन्दादाता , शिक्षा प्रेमी , विद्यालयमा महत्वपुर्ण योगदान पुर्याएका व्यक्तिहरुमध्ये बाट अभिभावकले चयन गरेको १ जना - सदस्य

ग) वडा समितिको निर्णयानुसार वडा समितिका सदस्य १ जना - सदस्य

(उक्त (क), (ख) र (ग) को सर्वसहमति वा सर्वसहमति हुन नसकेमा बहुमतबाट अध्यक्षको चयन हुनेछ। )

घ) शिक्षा शाखाको प्रतिनिधि १ जना - सदस्य

ङ) वरिष्ठ शिक्षक वा शिक्षकहरुबाट छनौट शिक्षक १ जना -सदस्य

च) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष (पछि थप हुने) - सदस्य

छ) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक प्रतिनिधि - सदस्य

ज) प्रधानाध्यापक -सदस्य सचिव

पुनश्चः (क) प्रधानाध्यापकले व्यवस्थापन समितिको छनौट गर्नका लागि सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(ख) देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन।

-गैर नेपाली नागरिक

-पच्चीस वर्ष उमेर पूरा नभएको (बाल क्लबको प्रतिनिधि बाहेक)

-प्रचलित कानून बमोजिम कालो सूचिमा परेको

-नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको

(ग) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा सात सदस्यीय शिक्षक- अभिभावक संघको कार्यकारी समिति गठन गर्नुपर्नेछ र सो समितिको अध्यक्ष विद्यालय व्यवस्थापन समितिको सदस्य हुनेछ।